**प्रदेश लोक सेवा आयोग**

गण्डकी प्रदेश, पोखरा

**प्रतीक चिह्न (Logo) को डिजाइन पेश गर्ने सम्बन्धी २१ दिने सूचना**

(प्रथम पटक प्रकाशन मितिः २०८१।१०।०३)

गण्डकी प्रदेश हिमाल, पहाड र तराई सहितको ११ जिल्ला र ८५ वटा स्थानीय तह रहेको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र पर्यटकीय प्रदेश हो । प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशले प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र प्रदेश तथा स्थानीय तह अन्तर्गतका सङ्गठित संस्थाहरुको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने ध्येयका साथ कार्यसम्पादन गर्दै आएको छ । यस सन्दर्भमा, आफ्नै एक प्रतीक चिन्ह (Logo) प्रयोग गर्न आवश्यकता महशूस गरिएकोले त्यस्तो प्रतिक चिन्ह (Logo) डिजाइन गरी २१ दिनभित्र पेश गर्न इच्छुक व्यक्ति वा समूहलाई यो सूचना आव्हान गरिएको छ । सर्वोत्कृष्ट लोगोको डिजाइन कर्ता/फर्मलाई नगद रु ४०,०००।– (अक्षरुपी चालिस हजार मात्र) पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिनेछ । प्रतीक चिह्न (Logo) को डिजाइन सम्बन्धी विशेषताहरु/आधारहरु, प्रतीक चिह्न (Logo) को डिजाइन सम्बन्धी शर्तहरु र अन्य थप विषयहरु आयोगको वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

**सम्पर्क ठेगाना**


**प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, मुस्ताङ्चोक, पोखरा**

Website: ppsc.gandaki.gov.np

इमेलः ppscgandaki@gmail.com

फोन: ०६१-४५७८७३ / ९८५६०७८०१६

## सूचना सम्बन्धी विस्तृत जानकारी

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने र संघीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था भए बमोजिम प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको भर्ना तथा छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने उद्देश्यका साथ गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम २०७७ चैत्र ११ गते आयोग गठन भएको हो ।

यस आयोगले गण्डकी प्रदेशको निजामती सेवा, स्थानीय सेवा र प्रदेश तथा स्थानीय तह अन्तर्गतका सङ्गठित संस्थाहरुको लागि लोक सेवा आयोगले विकास एवम् अवलम्बन गर्दै आएको अभ्यास, विधि, मापदण्ड र सिद्धान्त समेतलाई आधार मानी योग्यता, स्वच्छता, निष्पक्षता, समान अवसर, समावेशिता र गोपनीयता कायम गरी कर्मचारी छनौट गरेर सिफारिस गर्दै आइरहेको छ ।

गण्डकी प्रदेश हिमाल, पहाड र तराई सहितको ११ जिल्ला र ८५ वटा स्थानीय तह रहेको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र पर्यटकीय प्रदेश हो । उल्लेखित पृष्ठभूमिमा आयोगले एक प्रतीक चिन्ह (Logo) निर्माण गरी प्रयोग गर्न आवश्यकता महसुस गरेको छ ।

### २. प्रतीक चिह्न (Logo) को डिजाइन सम्बन्धी विशेषताहरु/आधारहरु

१. गण्डकी प्रदेशको पहिचान झल्किएको हुनुपर्ने ।
२. ज्ञानवर्द्धक विषय झल्किएको हुनुपर्ने ।
३. आयोगको उद्देश्य तथा कार्य प्रकृति (उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता कायम गरी योग्यता प्रणाली प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने) सम्बन्धी भाव झल्केको हुनुपर्ने ।
४. सम्भव भएसम्म समावेशिता झल्कने हुनुपर्ने ।
५. डिजाइन मौलिक, कलात्मक र मापनयोग्य (Scalable) हुनुपर्ने ।

### ३. प्रतीक चिह्न (Logo) को डिजाइन सम्बन्धी शर्तहरु

१. डिजाइन जुनसुकै आकारमा प्रयोग गर्दा प्रष्ट देखिने हुनुपर्छ ।
२. डिजाइनको भित्री भागमा नेपालको झण्डा तथा "योग्यता, निष्पक्षता, र स्वच्छता" र बाहिरी भागमा "प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, Province Public Service Commission, Gandaki Province " शब्दहरू उल्लेख हुनुपर्नेछ ।
३. हातले बनाएको डिजाइन A4 मा ६*८ इन्च भित्र हुनुपर्नेछ ।

४. डिजाइनमा रहने चिन्ह, रङ्ग, आकार, संकेत र अक्षरको व्याख्यात्मक टिप्पणी विवरण खुलाएको हुनु पर्नेछ।

५. डिजिटल डिजाइन TIFF Format मा ६०० Resolutions भन्दा बढी हुनुपर्नेछ ।

६. डिजाइन मौलिक सिर्जना हो कसैको नक्कल गरेको होइन भन्ने स्व-घोषणा गरेको हुनुपर्नेछ।

७. डिजाइन एक व्यक्ति वा समूहले ३ (तीन) थानसम्म पेश गर्न सक्नेछन् ।

८. पेश भएका डिजाइनहरू मध्येबाट १ (एक) सर्वोत्कृष्ट डिजाइन छनौट गर्ने क्रममा आवश्यक परेमा त्यसपछिका क्रमशः २ (दुई) वटा सम्मका उत्कृष्ट डिजाइनहरूलाई पनि छनौट गर्न सकिने छ ।

९. आयोगमा छनौट भएको डिजाइनको बौद्धिक सम्पत्तिको अधिकार प्रदेश लोक सेवा आयोग, गण्डकीमा निहित रहने छ।

१०. डिजाइन छनौटको अन्तिम अधिकार आयोगमा रहनेछ ।

## ४. डिजाइन छनौटका आधारहरू

क. डिजाइन छनोटका लागि एक मूल्याङ्कन समिति रहने छ ।

ख. मूल्याङ्कन समितिले पेश भएका डिजाइनहरुबाट उत्कृष्ट ठहरिएका ३ वटासम्मका डिजाइनहरु छनौटका लागि आयोगमा सिफारिस गर्न सक्नेछ।

ग. छनौटका लागि सिफारिस भएका ३ वटा डिजाइनहरु मध्ये १ सर्वोत्कृष्ट डिजाइन निर्धारण गर्दा मूल्याङ्कन समितिले आवश्यक देखेमा परिमार्जनका लागि आयोगमा सुझाव पेश गर्न सक्नेछ ।

घ. डिजाइन छनौट गर्ने/नगर्ने सम्पूर्ण अधिकार आयोगमा रहने छ ।

## ५. पुरस्कार

छनौट भएका १(एक) सर्वोत्कृष्ट डिजाइनलाई रु.४०,०००।– (चालिस हजार) पुरस्कार प्रदान गरिने छ । डिजाइन छनौट गर्ने क्रममा १(एक) भन्दा बढी क्रमशः उत्कृष्ट ३(तीन) वटा सम्म डिजाइन छनौट गर्न सकिनेछ । सर्वोत्कृष्ट पछिका छनौट भएका दोस्रो र तेस्रो डिजाइनहरूलाई क्रमशः रु १०,०००।–र रु ५,०००।– पुरस्कार प्रदान गर्न सकिनेछ।

## ६. पेश गर्ने अन्तिम मिति

सूचना प्रकाशन भएको मितिले २१ दिनसम्म ।

## ७. पेश गर्ने ठेगाना

क. हातले बनाएका डिजाइन प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश, पोखरामा बुझाउनु पर्नेछ ।

ख. डिजिटलको हकमा पेन ड्राइभ, इमेल वा अन्य माध्यम मार्फत ppscgandaki@gmail.gov.np मा पठाउन सकिनेछ ।

ग. डिजाइनकर्ताले आफ्नो नाम, ठेगाना, उमेर, फोन नं र इमेल उल्लेख गर्नुपर्नेछ ।

घ. दर्तावाला कम्पनी वा फर्म वा संस्था भएमा दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ।

ङ. यस सम्बन्धमा थप जानकारीको लागि सम्पर्क गर्नु परेमा आयोगका शाखा अधिकृत बाबुराम न्यौपाने (९८५६०७८०१६) सँग सम्पर्क गर्न सकिने छ ।


**सम्पर्क ठेगाना**

**प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, मुस्ताङ्चोक, पोखरा**

इमेलः ppscgandaki@gmail.com

०६१-४५७८७३ / ९८५६०७८०१६